नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

फोन ४२००३०९, ४२००२८१

पत्र संख्याः- ०७४/७५

चलानी नं.:- ९३

मिति: २०७४।४।२२

श्री जि.स.स.को कार्यालय सबै (७५)

श्री स्थानीय तहहरु सबै (७४४)

विषय: दशौं पुस्तकालय दिवस, २०७४ मनाउने सम्बन्धमा ।

प्रस्तुत विषयमा यही २०७४ भाद्र १५ गते दशौं पुस्तकालय दिवस, २०७४ मनाउने सम्बन्धमा यसैसाथ संलग्न च.नं. ११, मिति २०७४।४।१९ को शिक्षा मन्त्रालयबाट प्राप्त पत्र बमोजिम गर्न/गराउन निर्देशानुसार अनुरोध छ ।

(कृष्ण राज अर्याल)

शाखा अधिकृत

पोष्ट्याङ्ग – ४५
फोन नं. ०१४२००४२२

# नेपाल सरकार
# शिक्षा मन्त्रालय

(.............................................. शाखा)

सिंहदरबार,
काठमाडौँ, नेपाल ।

पत्र संख्याः- ०७४/७५
चलानी नं.:- ११

नेपाल सरकार शिक्षा मन्त्रालय सिंहदरवार, काठमाडौं नेपाल

मितिः२०७४।४।१९

**विषयः दसौ पुस्तकालय दिवस, २०७४ मनाउने सम्बन्धमा**

श्री सचिवज्यू
गृह मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

सामान्य प्रशासन महाशाखा
दर्ता :- ४२२
मिति :- ४।१९

श्री सचिवज्यू
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

४३३
०७४।४।२०

श्री महानिर्देशकज्यू
शिक्षा विभाग
सानोठिमी, भक्तपुर ।

प्रस्तुत विषयमा दसौं पुस्तकालय दिवस (२०७४ भाद्र १५ गते) मनाउने सन्दर्भमा नेपालमा रहेका सबै किसिमका पुस्तकालयहरूको विकास र विस्तारमा संलग्न संस्थाका प्रतिनिधिहरूको उपस्थितिमा मिति २०७४ साल साउन १२ गते शिक्षा सचिवको अध्यक्षतामा बसेको बैठकले केन्द्रमा शिक्षा सचिवको अध्यक्षतामा मूल समारोह समितिको गठन गर्ने र उक्त दिन पुस्तकालय दिवस मनाउनका लागि शिक्षा विभाग मार्फत् ७५ ओटै जिल्ला शिक्षा कार्यालय, गृहमन्त्रालय अर्न्तगतका सबै निकाय तथा संघीय मामीला तथा स्थानीय विकास मन्त्रालय मार्फत् ७४४ ओटै स्थानीय निकायमा अनुरोध गर्ने साथै,

जिल्ला तथा स्थानीय तहमा स्थानीय आवश्यकता, संस्थाको कार्यप्रकृति अनुसारका विविध कार्यक्रमहरू सञ्चालन गर्न पनि अनुरोध गर्ने निर्णय भएअनुसार जिल्लास्तरमा स्थानीय विकास अधिकारी संयोजक, जिल्ला शिक्षा अधिकारी सदस्यसचिव र आवश्यकताअनुसार अन्य सदस्य रहने गरी एक जिल्लास्तरीय पुस्तकालय दिवस मूल समारोह समिति तथा स्थानीय तहमा सम्बन्धित तहका प्रमुखको अध्यक्षतामा पुस्तकालय दिवस समारोह समिति गठन गरी पुस्तकालय संग सम्बद्ध स्थानीय स्तरमा सक्रिय रहेका गैरसरकारी संस्थाहरूको समेत सहभागितामा निवन्ध लेखन, हाजिरीजवाफ प्रतियोगिता, प्रवचन जस्ता विविध कार्यक्रम गरी मुलुकभर पठन संस्कृतिको विकासमा टेवा पुर्याउन अपरिहार्य भएकोले ताहाँबाट सम्बिन्धत जिल्ला प्रशासन कार्यालय/जिल्ला समन्वय समिति/जिल्ला शिक्षा कार्यालयमा परिपत्र गरी दिनु हुन अनुरोध गर्दछु ।

दिवसका लागि तय गरिएको आदर्श वाक्य *"जीवनपर्यन्त शिक्षाका लागि एक स्थानीय तहः एक नमूना पुस्तकालय"*।

शान्तबहादुर श्रेष्ठ
सचिव